कालीमाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, सल्यान कर्णाली प्रदेश नेपाल

## झोलुङ्गे पुलको निर्माण सामग्री आपुर्ती सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सुचना

**प्रकाशित मिति : २०७६।०८।२२**

१. यस गाउँपालिका अन्तर्गत तपशिलका झोलुङ्गे पुल निर्माण सामग्रीहरु आपुर्ती कार्यका लागि नेपालमा रहेको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पुर्वाधार विभागबाट जारी गरिएको मौजुदा सुचिमा रहेका आधिकारिक उत्पादकवा विक्रेता कम्पनीहरुले मात्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रितपुर्वक शिलबन्दि दरभाउपत्र खरिद गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | विवरण | लागत रकम भ्याट बाहेक रु. | दरभाउपत्र फाराम दस्तुर रकमरु. | जमानत रकम रु. |
|---|---|---|---|---|
| KRM/NCB/12/2076/077 | Fabrication Of Steel Parts And Transportation Up To Road Head Of Bairenitara Steel Truss Bridge. | 14,50,596.75 | 1,000.00 | 45,000.00 |
| KRM/NCB/13/2076/077 | Fabrication Of Steel Parts And Transportation Up To Road Head Of TatkeRatamata Steel Truss Bridge. | 5,83,049.26 | 1000.00 | 17,000.00 |

२. सुचना प्रकाशित भएको मिति देखि १५औ दिन अर्थात२०७६।०९।०६ गतेसम्म कार्यालय समयभित्र दरभाउपत्रदाताले अध्यावधिक गरेको फर्म कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र व्यवसाय दर्ताको ईजाजतपत्र, मुल्य अभिवृद्धिकर/स्थायी लेखा नम्बरको प्रमाणपत्र,आव २०७५/०७६ को कर चुक्ताको प्रमाणपत्र /कर आय विवरण पेश गरेको प्रमाणपत्र यस कार्यालयमा शिलबन्दि दरभाउपत्र खरिद तथा दाखिला गर्न तोकिएको ढाँचा अनुसारका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु निवेदनसाथ पेश गरी नियमानुसार लाग्ने फिर्ता नहुने नेपाल बँगलादेश बैंक लिमिटेड रामपुर शाखा, सल्यानमा रहेको राजश्व खाता नं ०८०००००१४१ मा रकम जम्मा गरी शिलबन्दी दरभाउपत्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

३. खरिद गरिएका दरभाउपत्रको महलहरु दरभाउपत्रदाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी सुचना प्रकाशित भएको मितिदेखि १६औ दिन अर्थात २०७६।०९।०७ गते दिउंसो १२ बजे भित्र यस कार्यालयमा उपस्थित भै दरभाउपत्र दर्ता गरिसक्नुपर्नेछ ।

४. दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र जमानत बापतको रकम यस कार्यालयको नेपाल बँगलादेश बैंक लिमिटेड शाखा कार्यालय रामपुर सल्यानमा रहेको धरौटी खाता नं ०८०००००८४१ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यताप्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत पत्र शिलबन्दि दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत बापतको बैंक भौचर रसिद वा बैंक जमानीपत्र यो सुचना प्रकाशित भएको सुचना पछिको हुनुपर्नेछ ।

५. दर्ता हुन आएका शिलबन्दि दरभाउपत्रहरु यस कार्यालयमा शिलबन्दि दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदापछि कार्यालय खुलेका दिनहरुमा सोही समयमा हुनेछन् ।

६. रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कार्बाहि गरिने छैन ।

७. दर्ता हुन आएका दरभाउपत्रहरु स्विकृत गर्ने वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

८. दरभाउपत्रसम्बन्धी अन्य शर्तहरु दरभाउपत्रमा उल्लेख गरेबमोजिम हुनेछ ।

९.यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ लगायत अन्य प्रचलित कानुन बमोजिम हुनेछन ।

१०. अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत